# १ पात्मोसबाट सुसमाचार

*<u>यस अध्यायका मूल पदहरू:</u>* प्रकाश १:१-८, यूहन्ना १४:१-३, व्यवस्था २९:२९, यूहन्ना १४:२९, रोमी १:७, फिलिप्पीहरूलाई ३:२० र दानिएल ७:१३,१४।

**यस अध्यायको मूल सार पदः "त्यो मानिस धन्य होस्, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ।" (प्रकाश १:३ रूपानन्तरित)।**

प्रकाशको पुस्तकमा लेखिएका भविष्यवाणीहरू यूहन्नालाई दर्शनहरूद्वारा प्रकट गराइएको थियो। १९औं शताब्दीभन्दा अघि यूहन्नालाई मरोस भनेर एजियन समुद्रको पातमोसिन नाउँ भएको अनकन्टार पत्थरै पत्थर भएको सानो टापुमा फ्याकिएको थियो (प्रकाश १:९)। त्यो ठाउँ पश्चिमी मुलुक ग्रीक र आनाटोलिया भन्ने पहाडहरूको बीचमा भएको भूमध्य सागरमा पर्दछ। मृत्युको निम्ति पर्खिरहेका यूहन्नालाई प्रभु येशूले विशेष दिब्यदर्शन दिनुभएको थियो। उक्त दर्शनमा देखेका बृतान्तलाई यूहन्नाले लेखेका थिए। जसले यस पुस्तकमा लेखिएका भविष्यवाणी वा वचनहरू पढ्दछ, सुन्दछ र त्यहाँ लेखिएका शिक्षाहरू अनुसार चल्दछ त्यसलाई श्यावासीमात्र होइन धन्यको व्यक्ति भनेर प्रकाश १:३मा ठोकुवा गरेर लेखिएको छ। यस पुस्तकमा लेखिएका सामग्रीहरू कुनै मानिसको सोच वा तपस्या गरेर लेखिएको नभइ येशू स्वयमद्वारा दर्शनमा देखाइए अनुसार लेखिएको हुनाले यसमामात्र होइन उहाँले आफ्नो अरू वचन सुनेर पालन गर्नेलाई चट्टानमा बनाइको घर जस्तै हो भनेर यसरी भन्नुभएको थियो "४६ “मैले भनेका कुरा गर्दैनौ भने किन मलाई "प्रभु, प्रभु", भन्दछौ? (अर्थात् इसाई हुँ भन्ने आँट तिमीहरू किन गर्दछौ?) ४७ जो मकहाँ आउँछ, मेरा वचन सुन्छ र तीअनुसार गर्छ, त्यो कस्तो मानिस हो, म तिमीहरूलाई बताउनेछु। ४८ त्यो एउटा घर बनाउने मानिसजस्तो हो, जसले गहिरो खनेर चट्टानमाथि जग बसाल्यो। अनि जब भल चल्यो, र जलप्रवाह उर्लिआएर त्यस घरमा ठोकियो, तब त्यस घरलाई हल्लाउन सकेन, किनकि त्यो पक्का बनाइएको थियो। ४९ तर जसले सुन्छ र पनि

त्यसअनुसार गर्दैन, त्यो एक जना यस्तो मानिस हो, जसले जमिनमाथि जगविनाको घर बनायो। जब त्यस घरमाथि भल आएर ठोकियो, तब त्यो घर तुरुन्तै ढल्यो, र त्यस घरको ठूलो सर्वनाश भयो।" (लूका ६:४६-४९ याद गर्नुहोस् यहाँ येशू चट्टान हुनुहुन्छ भनेर आभास दिइएको छ)। चर्चमा जम्मा भएर सन्देशहरू सुन्ने विश्वासीहरूलाई लक्षित गर्दै त्यो आशिष दिने पद लेखिएको हो। तर यसमा लेखिएका सन्देशहरूको आशिषको उपभोग गर्न केवल सुन्नेहरू वा हल्कारूपमा पढ्नेहरूलाई मात्र होइन तर यसमा लेखिएका वचनहरू बुझेर पालन गर्नेहरूलाई भनिएको हो। (यही आशिषको प्रतिज्ञा येशूले प्रकाशको पुस्तकको अन्तमा पनि यसरी दिनुभएको थियो "हेर, म चाँडै आउँदैछु। यस पुस्तकको अगमवाणीका वचन पालन गर्ने धन्यको हो।" (प्रकाश २२:७)।

प्रकाशको पुस्तकमा लेखिएका भविष्यवाणीका वचनहरूले आफ्ना जनहरूप्रति परमेश्वरले कस्तो चासो राख्नुहुन्छ भनेर प्रमाणित गर्दछ। हामीहरूको जीवन छोटो र नासभएर जाने तत्व हो भनेर जीवनको वास्तविकतालाई औँल्याउँदै येशूले दिनुहुने मुक्तितिर र सुसमाचार सुनाउने आह्वानतिर हाम्रो ध्यान केन्द्रित गर्दै यो पुस्तक हामीहरूको समिपमा प्रस्तुत गरिएको हो। यस पुस्तकले येशू हामीहरूको स्वर्गको मूल पुजारी र राजा हुनुहुन्छ भनेर औँल्याइएकोलाई हामीहरूको दिमागमा घुसाउन जरुरी ठान्नुपर्दछ।

बाइबलमा लेखिएका भविष्यवाणीहरू अन्धकार स्थानको बत्ती जस्तै चम्केको हुन्छ (पत्रुसले भन्दछन् "हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाँउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ।" २ पत्रुस १:१९)। ती भविष्यवाणीहरू हामीहरूको बर्तमान जीवनको मार्गदर्शकको रूपमा छन् भने भविष्यको निम्ति आशाको दियो भएर बलिरहेको हुन्छ। येशू ख्रीष्टको दोस्रो महिमित आगमन नहुञ्जेल र परमेश्वरको अनन्तको राज्य पुनस्थापना नहुञ्जेल हामीहरूलाई भविष्यवाणीको अगुवाइको आवश्यकता छ।

## १. यस पुस्तकको शीर्षक

**प्रकाश १:१,२मा यसरी लेखिएको छ "१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँडै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो। २ यूहन्नाले देखेका सबै कुराहरूको, अर्थात् परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए।" पूरा किताबैको नाउँ प्रकाश भनेर उल्लेख गर्नुको अर्थ के हो? पुस्तकको शीर्षकले खास गरेर कसको बारेमा हामीलाई सिकाउन खोजिएको पाउँछौं?**

प्रकाश १:१मा लेखिएको यस पुस्तकको शीर्षक "येशू ख्रीष्टको प्रकाश।" प्रकाश भन्ने शब्द ग्रीक भाषाबाट आएको हो। यो शब्द ग्रीक भाषाबाट आएको apokalupsis (आपोक्यालुपसिस) अर्थात् apocalypse (आपोक्यालिप्स) हो। यसको अर्थ "उघारिएको" वा "खोलिएको" भन्नेहुन्छ। आपोक्यालिप्स भनेको येशूको बारेमा ढाकिएको तथ्यलाई उघारेर देखाउनु हो। येशूको बारेमा खोलिएका तत्यहरू यूहन्नाले ध्यान गरेर वा तपस्या गरेर लेखेको नभइ येशू स्वयंम आफैले आफ्नो बारेमा उनलाई दर्शनद्वारा प्रकट गर्नुभएको थियो। यस पुस्तकमा लेखिएका सामग्रीहरू येशूद्वारा परमेश्वरले दिनुभएतापनि (प्रकाश २२:१६) पुस्तकको विषयबस्तुको केन्द्रविन्दु येशू नै हुनुहुन्छ भनेर बताइएको छ। येशूले उहाँका जनहरूलाई स्वयंम् प्रकट गर्नुभएको र उहाँ अभिभावक भएर आफ्ना जनहरूप्रति उहाँले कस्तो वास्ता राख्नुहुँदोरहेछ भन्ने कुरा व्यक्त गर्न आपोक्यालिप्स भनिएको हो।

प्रकाशको पुस्तकमा लेखिएका विभिन्न सामग्रीहरूमा येशूलाई नै मुख्य विषयबस्तु बनाइएको छ। यो पुस्तक उहाँबाटै सुरू हुन्छ (प्रकाश १:५-८) र उहाँबाटै अन्त हुन्छ (प्रकाश २२:१२-१६)। "दानिएलले बोलोस्, प्रकाशको पुस्तकले बोलोस्, तिनीहरूद्वारा सत्य के हो सो थाहा दिइयोस्। तर जुन विषयबस्तुका पक्षहरूलाई प्रस्तुत गरिन्छ त्यसले येशू नै सबै आशाहरूको केन्द्रविन्दु हुनुहुन्छ भनेर उहाँलाई उचालियोस्। उहाँ "दाउदको जरा र सन्तान हुनुहुन्छ। उहाँ चहकिलो र बिहानीको तारा हुनुहुन्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स्, पृ. ११बाट रूपान्तरित।

फेरि आपोक्यालिप्सको येशू चारैवटा सुसमाचार पुस्तकहरूका येशू हुनुहुन्छ। सुसमाचारका पुस्तकहरूमा येशूको र उहाँका जनहरूका निम्ति मुक्तिको काम गर्नुभएको बृतान्तले भरिएको छ। प्रकाशको पुस्तकले पनि

उहाँको त्यही कामको बारेमा निरन्तरता दिएको पाइन्छ। येशूको अस्तित्व र उहाँका सेवाका विभिन्न पक्षहरूलाई प्रकाशको पुस्तकले औंल्याएको छ। सहीरूपमा भन्ने हो भने जहाँ सुसमाचारको पुस्तकको अन्त्य भएको थियो त्यहीँबाट यो पुस्तक सुरु भएको भनेपनि हुन्छ। येशूको पुनरुत्थान र स्वर्गमा जानुभएको बृतान्तले सुसमाचारको पुस्तक अन्त गरिएको थियो।

हिब्रूको पुस्तक र प्रकाशको पुस्तकले समुच्चरूपमा स्वर्गमा भएको पवित्र स्थान वा मन्दिरमा येशूको कामको बारेमा जोड दिएर लेखिएको पाइन्छ। जब येशू स्वर्गमा पस्नुभयो तब स्वर्गमा भएको पवित्र मन्दिरमा उहाँलाई राजकीय सम्मानसाथ स्वागत गरिएको थियो र उहाँले त्यहाँ पुजारीको काम थालनि गर्नुभएको थियो। यदि प्रकाशको पुस्तक र हिब्रूको पुस्तक भएन भने स्वर्गमा येशूका जनहरूका निम्ति उहाँले गरिरहनुभएको मूल पुजारीको सेवाकार्यको आत्मज्ञान हामीमा धेरै सिमित हुन्थ्यो। हाम्रो निम्ति येशू ख्रीष्टले स्वर्गमा गरिरहनुभएको कामलाई हिब्रू र प्रकाशको पुस्तकले उलब्ध गराएका सामग्रीहरूले हामीलाई विशेष रूपमा उघारेरै देखाएको छ।

यूहन्ना १४:१-३मा यसरी लेखिएको छ " १ "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।" अहिले नै येशूले हाम्रो निम्ति स्वर्गमा के गरिरहनुभएको छ सो उपर्युक्त येशूको बचनले हामीहरूलाई स्पष्टरूपमा कसरी बुझाउन खोजिएको छ? उक्त अचम्मको प्रतिज्ञाले हामीमा कस्तो आशा पल्हाउन सक्छ?

## २. प्रकाशको पुस्तकको उद्देश्य

प्रकाशको पुस्तकको उद्देश्य भविष्यमा हुने घट्नाहरूको विवरण दिनु हो त्यो पनि प्रकाशको पुस्तक लेखिएको समयदेखि भनेर प्रकाश १:१ले हामीलाई बताउँछ। प्रकाशको पुस्तकको विषयसूचीको मुख्य भागहरू केले ओगटेको छ भनेर यो पुस्तक पढ्ने प्रायजसोले ख्याल गरेका हुन्छन्। यसमा लेखिएका कतिपय भविष्यवाणीहरू हामीहरूको दृष्टिकोणमा पूरा भइसकेको वा पूरा हुन बाँकी नै छ। भविष्यले हामीलाई जहाँ पुऱ्याएतापनि परमेश्वरको

नियन्त्रणमा हामी सबै छौं भन्ने विश्वास दिलाउन बाइबलमा लेखिएका भविष्यवाणीहरूको लक्ष्य हो। प्रकाशको पुस्तकको विशेषता पनि त्यही होः विश्वको इतिहासभरि परमेश्वर आफ्ना जनहरूसँग हुनुहुन्छ भनेर हामीलाई विश्वास दिलाउन र अन्तिम समयमा के के हुनेछ भनेर चनाखो गराउन यो पुस्तक हाम्रो समक्ष प्रस्तुत गरिएको हो।

त्यसको फलस्वरुप प्रकाशको पुस्तकमा लेखिएका भविष्यवाणीहरूको दुई वटा ब्यवहारिक लक्ष्यहरू छन्ः वर्तमान संसारमा हामीले कसरी अर्थपूर्ण जीवन बिताउने भनेर सिकाउन र भविष्यमा आइपर्ने जुनसुकै परिस्थितिको सामना गर्न हामीलाई तयार पार्न।

**एउटा कुरा हामीले ख्याल गर्नुपर्छः बाइबलमा सबै रहस्यहरू हामीलाई खुलाइएका छैनन्। व्यवस्था २९:२९ले जुन कुराहरू हामीलाई खुलाएका छन् त्यसको उदेश्य के हो भनेर बताउँदछ अर्थात् हामीलाई देखाइएका भविष्यवाणीहरूका उदेश्यहरू के हुन् भनेर हामीलाई प्रकट गराइएको छ। हेर्नुहोस् व्यवस्था २९:२९ "प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन्। तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्।" साथै प्रकाश २२:७ " ७ "हेर, म चाँड़ै आउँदैछु। यस पुस्तकको अगमवाणीका वचन पालन गर्ने धन्यको हो।"**

भविष्यमा हुने आतङ्कका विषयमा हाम्रो कौतुहलता मेटाउन भविष्यमा हुने घट्नाको मिति तोक्नु प्रकाशको पुस्तकको लक्ष्य होइन। हामीलाई भविष्यका के महत्त्वपूर्ण पक्षहरूको ज्ञान थाहा पाउन आवश्यक छ त्यो प्रकट गर्नमात्र प्रकाशको पुस्तक लेखिएको हो। भविष्यमा के हुनेछ त्यसप्रति हामी गम्भीर होऔं ताकि हामी परमेश्वरमा मात्र पूरा भरोसा राख्न सकौं र उहाँमाथि नै भरपरेर उहाँका आज्ञाहरू पालन गर्न हामी सक्षम् हुनसकौं भनेर महसुस गराएर त्यसप्रति प्रभाव पार्न प्रकाशको पुस्तक लेखिएको हो।

संसारको अन्त्यमा हुने घट्नाहरूको विषयमा अनेकौं धारणाहरू राख्दै सनसनीपूर्ण शिक्षाहरू यस संसारमा शताब्दीयौंदेखि चलिरहेको छ। यो संसार तत्कालै खतम हुन्छ भनेर मानिसहरूलाई विभिन्न माध्यमहरू जस्तै सञ्चार, फिलिम र धर्मकै नाउँमा तर्साएर धनी हुन खोज्ने प्रवृत्तिहरूको त लेखाजोखा नै छैन। तर प्रत्येक पल्ट बुद्धिजीवि वा धर्मका अगुवाहरूले संसारको अन्तको बारेमा गरेका भविष्यवाणीहरू असफल भएका छन्। संसारको अन्त्य अझै पनि

भएको छैन। धर्मकै नाउँमा किन नहोस् त्यस्ता शिक्षा, दर्शन, भविष्यवाणी आदिले कतिपय मानिसहरू भ्रममा परेका हुन्छन् र निराशको बादलमा पनि पछारिएका हुन्छन्। परमेश्वरले हामीहरूलाई धेरै असल थोकहरू दिनुभएको छ। जसरी परमेश्वरले दिनुभएका सबै थोकहरूलाई हामी दुरुपयोग गर्न सक्छौं त्यसरी नै बाइबलमा उल्लेख गरिएका भविष्यवाणीहरूलाई अनेकौं अर्थ लगाएर तिनीहरूको पनि दुरुपयोग गर्न सक्छौं।

भविष्यवाणीको बारेमा कस्तो अत्यन्त महत्त्वपूर्ण निर्णायक नीति हामीले अपनाउनुपर्छ भनेर यूहन्ना १४:२३-३१ले कसरी बताउँछ? हेर्नुहोस् " २३ येशूले तिनलाई (यहूदा जो इस्करियोत होइन) जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। २४ मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो। २५ "यी कुरा तिमीहरूसँग रहँदै मैले तिमीहरूलाई भनेको हुँ। २६ तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ। २७ शान्ति म तिमीहरूसँग छोडिराख्छु। म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु। संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ। तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस्। २८ "मैले तिमीहरूलाई 'म गइरहेछु, र तिमीहरूकहाँ आउँछु' भनेको तिमीहरूले सुन्यौ। तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ। २९ अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक। ३० म तिमीहरूसँग अब धेरै बोल्नेछैनँ, किनभने यस संसारको शासक आइरहेछ। त्यसको ममाथि केही शक्ति छैन। ३१ तर म पितालाई प्रेम गर्दछु, र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्दछु भनी संसारले जानोस्।..."

## ३. प्रकाशको पुस्तकमा भएका विभिन्न प्रतीक, साङ्केतिक चित्रणका भाषाहरू

**यूहन्ना, दानिएल र इजकिएलले दर्शनहरू देखेका थिए। ती सबै दर्शनहरूमा एउटा कुरा सबैसँग मिल्छ। त्यो के हो? हेर्नुहोस्: प्रकाश १३:१**

"समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सिङ र सात वटा शिर थिए। त्यसका सिङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थिए।", दानिएल ७:१-३ "१ बेबिलोनका राजा बेलसजरको पहिलो वर्षमा दानिएल आफ्नो ओछ्यानमा पल्टिरहँदा तिनले सपना र दर्शनहरू देखे। तिनले त्यस सपनाको सार लेखे। २ दानिएलले भने, "मेरो दर्शनमा राती मैले हेरिरहँदा मेरो अगि आकाशका चार बतासहरूले ठूलो समुद्रलाई मन्थन गरिएका थिए। ३ एक-अर्काबाट फरक चार ठूला पशुहरू समुद्रबाट निस्के।" र इजकिएल १:१-१४ "१ तीसौं वर्षको चौथो महिनाको पाँचौं दिनमा जब म निर्वासितहरूसँग कबार नदीको किनारमा थिएँ, तब स्वर्ग खोलियो र मैले परमेश्वरका दर्शनहरू देखें। २ त्यस महिनाको पाँचौं दिनमा– यहोयाकीन राजा कैद भएको यो पाँचौं वर्ष थियो– ३ बेबिलोनीहरूको देशमा कबार नदीको किनारमा परमप्रभुको वचन बूजीको छोरो इजकिएल पूजाहारीकहाँ आयो। त्यहाँ परमप्रभुको हात तिनीमाथि थियो। ४ मैले हेरें, र आँधीबेहरी उत्तरबाट आइरहेको देखें– एउटा विशाल बादल, बिजुलीको चमकसमेत, जसको वरिपरि चहकिलो उज्यालो थियो। त्यस आगोको माझ जल्दो धातुझैं देखिन्थ्यो, ५ र आगोमा चार जीवित जीवात भएजस्तो केही देखा पऱ्यो। तिनीहरूको आकृति हेर्दा एउटा मानिसको जस्तै देखिन्थ्यो, ६ तर हरेकका चार मोहड़ा र चार पखेटा थिए। ७ तिनीहरूका गोड़ा सीधा थिए, तिनीहरूका खुट्टा बाछ्राका खुरजस्ता थिए। ती टल्काइराखेका काँसाजस्तै टल्कन्थे। ८ तिनीहरूका पखेटामुनि चारैतिर मानिसजस्ता हातहरू थिए। ती चारै जीवातका मोहड़ा र पखेटाहरू थिए, ९ र तिनीहरूका पखेटा एउटाले अर्कोलाई छोएको थियो। कतैतिर लाग्दा हरेक नै सोझै अगाड़ि हिंड्थ्यो। तिनीहरू यताउता फर्कंदैनथिए। १० तिनीहरूको मोहड़ा यस्ता देखिन्थे: ती चारै जीवातको एउटा मोहड़ा मानिसको झैं थियो। तिनीहरूको दाहिनेपट्टिको मोहड़ाचाहिँ सिंहको झैं, देब्रेपट्टिको मोहड़ाचाहिँ गोरुको झैं, र पछाडिपट्टिको मोहड़ाचाहिँ गरुडको झैं थियो। ११ तिनीहरूका मोहड़ा यस्तै थिए। तिनीहरूका पखेटाचाहिँ बाहिर र मास्तिर फैलिएका थिए। हरेकका दुई पखेटाले चाहिँ एउटाले अर्काको पखेटालाई छोएका थिए, र अरू दुई पखेटाले आ-आफ्नो शरीर ढाकेका थिए। १२ तिनीहरू हरेक सोझै हिंड्थे। आत्मा जता-जता गयो त्यतै तिनीहरू जान्थे। तिनीहरू यताउता नफर्की हिंड्थे। १३ ती जीवित जीवातको आकृति जलिरहेको आगोको भुङ्ग्रो वा राँकोजस्तो थियो। आगो ती जीवातहरूका बीचमा केही यतादेखि उता र उतादेखि यता

**गइरहेको देखिन्थ्यो। आगो चहकिलो थियो, अनि त्यसबाट बिजुली निस्कन्थ्यो। १४ ती जीवातहरू बिजुली चम्केजस्तै यतादेखि उता र उतादेखि यता वेग हान्थे।"**

"उहाँले आफ्ना स्वर्गदूत पठाउनुभएर उहाँका सेवक यूहन्नालाई प्रकट गर्नुभयो।" यहाँ एउटा अत्यन्त महत्त्वपूर्ण शब्द प्रकाशको पुस्तकमा उल्लेख गरिएको छ। प्रकट भन्ने शब्द अङ्ग्रेजीमा signified (सिग्निफाइद) प्रयोग गरिएको छ। यो शब्द ग्रीक शब्द semaino (सिमाइनो)बाट अनुवाद गरिएको हो। त्यसको अर्थ विभिन्न साङ्केतिक लवजहरू प्रयोग गरेर कुनै कुरो बुझाउन खोज्नु, जनाउन खोज्नु अर्थात् भेद खुलाउन खोज्नु हो। यो शब्द ग्रीक भाषामा अनुवाद गरिएको पुरानो करारमा (सेप्टुआजिन्ट) प्रयोग गरिएको छ। ई.पू. छैठौं शताब्दीमा बेबिलोनको (आधुनिक इराक) सम्राट् नबुकदनेसरले एक रात आफ्नो सपनामा भयानक मूर्ति उनको सामुन्ने खडा भएको देखेका थिए। त्यस मूर्तिको टाउको सुनको, छाती चाँदीको, कम्मर ढलौतको, खुट्टा फलामको र पाइताला फलाम र माटो मिसिएको थियो। बिहान बिउँझिदा उनले आफ्नो सपना बिर्सेका थिए।। त्यो सपना बताउन र त्यसको रहस्य खोल्न आफ्नो देशका सम्पूर्ण बुद्धिजिवि, जादु, टुनामुना गर्ने र ज्योतिषीहरूलाई सम्राट्ले अऱ्हाएका थिए। तिनीहरू कसैले पनि सम्राट्को इच्छा पूरा गर्न नसकेपछि तिनीहरू सबैलाई मार्न उनले उर्दी दिएका थिए। त्यसबेला त्यहाँ दानिएल उपस्थित भएका थिएनन्। तर जब दानिएललाई पनि मार्न सैनिक आइपुगे तब उनले सम्राट्कहाँ गएर उनको सपना र त्यसको अर्थ बताइदिएका थिए। दानिएल २:४५मा उल्लेख गरिएको छ "भविष्यमा के हुनेछ सो कुरो परमेश्वरले राजालाई देखाइदिनुभएको छ।" यूहन्नाले पनि दर्शनमा देखेका विभिन्न दृश्यहरू र घट्नाहरू प्रतीक र सङ्केतहरूद्वारा देखेका थिए। ती देखिएका दृश्य तथा घट्नाहरूलाई यूहन्नाले पनि प्रकाशको पुस्तकमा "प्रकट" गरिएको भन्ने शब्द प्रयोग गरेर लेखेका थिए। पवित्र आत्माको अगुवाईमा यूहन्नाले आफ्नो दर्शनमा देखेका विभिन्न सङ्केत तथा प्रतीकहरूलारूलाई बडो मेहनतकासाथ प्रकाशको पुस्तकमा लेखी राखेका थिए (प्रकाश १:२)।

त्यसको अर्थ हामीले यो बुझ्नुपर्छ कि प्रकाशको पुस्तकमा लेखिएका प्रायजसो भविष्यवाणीहरूका भाषाहरू अक्षरस वा जस्ताको त्यस्तै अर्थ लगाउनु मनासिब हुँदैन। प्रायजसो बाइबल पढ्दा मानिसहरू बाइबलका पदहरू बुझ्न जस्ताको त्यस्तै बुझ्नुपर्छ भनेर अनुमान गर्दछन्। सङ्केतलाई बुझाउन

शब्दहरूले औँल्याएमात्र त्यसको अर्थ लगाउनुपर्छ भनेर मानिसहरूले सोच्दछन्। तर प्रकाशको पुस्तकमा दुई थरीका सामग्रीहरू छन्। एक थरीचाहिँ अक्षरसमा बुझ्नुपर्छ भने अर्को चाहिँ विभिन्न सङ्केत र प्रतीकहरूलाई बुझ्न ती विभिन्न सङ्केत र प्रतीकहरूलाई नै प्रयोग गरेर अर्थ बुझ्न खोज्नुपर्छ। यूहन्नाले देखेका दृश्य र घट्नाहरू कुनै पनि काल्पनिक वा मनगढन्ते नभएर यथार्थ नै थिए तर तिनीहरूलाई व्यक्त गर्न साङ्केतिक लवजहरू उनले प्रयोग गरेका थिए।

भविष्यवाणीहरूका सन्देशहरूको व्याख्यालाई गलत ढङ्गले नगरियोस भनेर विभिन्न प्रतीक र साङ्केतिक लवजहरू प्रयोग गरेर प्रकाशको पुस्तक लेख्नुको कारण हो। बाइबललाई विभिन्न मानिसहरूले कतिपय समयमा आआफ्नै सोच अनुसार व्याख्या गरिएको पाइएको छ। तर भविष्यवाणीका सन्देशहरूलाई गलत ढङ्गले व्याख्या नगरियोस् भनेर हाम्रै हितको सुरक्षा राख्न प्रकाशको पुस्तकमा विभिन्न प्रतीक र साङ्केतिक भाषाहरू प्रयोग गरिएका हुन् भनेर हामीले ख्याल गर्नुपर्छ। जब ती साङ्केतिक र प्रतीकहरूको बारेमा अर्थ लगाउँछौं तब त्यसमा होसियारी अपनाउनुपर्छ। कुनै पनि मानवीय कल्पना, हामीहरूको संस्कार वा संस्कृति र वर्तमान समयलाई प्रयोग गरेर प्रकाशको पुस्तकमा भएका प्रतीकहरूको अर्थ कसैलाई पनि लाद्न उचित हुँदैन। बरू ती प्रतीक वा साङ्केतिक भाषाहरू बुझ्न बाइबललाई नै प्रयोग गर्नुपर्छ र कुन सन्दर्भमा ती शाङ्कतिक वा प्रतीकहरू लेखिएका हुन् भनेर तिनीहरूभित्रै गएर बुझ्न खोज्नुपर्छ अनिमात्र प्रकाशको पुस्तक बुझ्न सकिन्छ।

अझ यथार्थमा भन्ने हो भने प्रकाशको पुस्तकमा लेखिएका प्रायजसो प्रतीकहरू पुरानो करारबाट चित्रण गरिएका हुन् भनेर हामीले ख्याल गर्नुपर्छ। भविष्यमा हुने घट्नाहरूलाई बुझाउन विगतका भाषाहरू परमेश्वरले किन प्रयोग गर्नुभयो त? विगतमा कार्यान्यन् भएका उहाँका उद्धार तथा मुक्तिका कामहरू जसरी भएका थिए त्यसरी नै भविष्यमा पनि हामीहरूको मुक्ति वा उद्धारको काम परमेश्वरले कार्यान्यन् गर्नुहुनेछ भनेर हामीहरूको दिमागमा गहिरोसँग छाप लागोस् भनेर पुरानो करारका लवजहरू प्रयोग गरिएका हुन्। आफ्ना जनहरूको निम्ति परमेश्वरले विगतमा जे गर्नुभयो त्यही आफ्ना जनहरूको निम्ति भविष्यमा पनि गर्नुहुनेछ। त्यसकारण प्रकाशको पुस्तकमा भएका विभिन्न प्रतीकहरू र साङ्केतिक लवजहरू वा चिन्हहरू बुझ्न प्रयत्न गर्न चाहन्छौं भने हामीले पुरानो करारतिरै ध्यान दिएर अघि सर्नु आवश्यक छ।

## ४. त्रिएक परमेश्वर

पावलले आफ्ना पत्रहरू लेख्दा जुन रूपमा अभिवादन गरेर लेखेका थिए त्यस्तै प्रकारले प्रकाशको पुस्तक पनि सुरु हुन्छ। यूहन्नाको समयमा स्थापना भएका एशिया माइनरका सातवटा चर्चहरूलाई सन्देश पठाउन येशूले अऱ्हाउँदै प्रकाशको पुस्तक लेखिएको हो। हेर्नुहोस्ः "तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख, र सातै वटा मण्डलीलाई पठाऊ, अर्थात् एफिसस, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई।" ( प्रकाश १ः११)। तर प्रकाशको पुस्तकको विषयबस्तुहरूलाई गहिरोसँग अध्ययन गऱ्यौं भने यो पुस्तक केवल ती सातवटा चर्चहरूको निम्तिमात्र लेखेको नभएर इतिहासभरि येशूलाई विश्वास गर्ने पिँढीहरूको निम्ति लेखिएका हुन् भनेर बुझ्नुपर्छ।

प्रकाशको लेखक यूहन्ना र पावलका पत्रहरूका लेखक पावलले जब चर्चलाई सम्बोधन गरेर पत्रहरू लेखे तिनीहरूमा भएका अभिवादनको शैली एकै खालका थिए साथै अभिवादन कसलाई सम्बोधन गरेर लेखे भन्ने शैली पनि एकैनास भएको पाइन्छ। हेर्नुहोस् प्रकाश १ः४,५ "४ यूहन्नाबाट एशियामा भएका सात वटा मण्डलीहरूलाईः उहाँबाट तिमीहरूलाई अनुग्रह र शान्ति, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, जो आउनुहुनेछ, र उहाँको सिंहासन अगि रहनुहुने सात आत्माबाट, ५ विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेले।" र रोमी १ः७ "७ रोममा भएका तिमीहरू सबै, परमेश्वरका प्रियहरू, जो सन्त हुनलाई बोलाइएका छौः तिमीहरूलाई परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।"

दुवै पत्रहरूमा साझा अभिवादन उल्लेख गरिएको छः तिमीहरूमा अनुग्रह र शान्ति होस्।" दुवै पत्रमा ग्रीक भाषाको च्यारिस charis जसको अर्थ हो अनुग्रह र हिब्रू भाषाको शलोम shalom जसको अर्थ हो शान्ति वा सुस्वास्थ्यको कामना व्यक्त गरिएको छ। शान्ति र अनुग्रह दिने व्यक्तिहरू त्रिएक परमेश्वर हुन् भनेर त्यहाँ व्यक्त गरिएकोबाट थाहा पाउन सक्छौं।

"जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ" भनेर परमेश्वर पिताको बारेमा हामीलाई चिनाइदिइएको छ। (हेर्नुहोस् प्रकाश १ः८ "अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो

हुनुहुन्थ्यो र जो आउनुहुनेछ।" र प्रकाश ४:८ "ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाइरहन्छन्, "पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ।" यसले परमेश्वरको दैविक नाउँ यहवेलाई जनाउँछ। उहाँले मोशालाई आफ्नो नाउँ बताउनुपर्दा उहाँले भन्नुभएको थियो "म हुँ जो म हुँ" (प्रस्थान ३:१४)। परमेश्वरको अनन्तको अस्तित्वलाई ती शब्दहरूले जनाउँछन्।

"सातवटा आत्माहरू" भनेर पवित्र आत्मालाई सम्बोधन गरिएको छ (हेर्नुहोस् प्रकाश ४:५ "त्यस सिंहासनबाट बिजुलीहरू, आवाजहरू र गर्जनहरू निस्केर आउँथे, र त्यस सिंहासनको सामुन्ने आगोका सात वटा बत्तीहरू बलिरहेका थिए। यी परमेश्वरका सात आत्माहरू हुन्।" र प्रकाश ५:६ "तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सिङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्")। सात भन्ने संख्याले पूर्णता देखाउँछ। सातवटा आत्माहरू भन्दा पवित्र आत्मा सबै सात चर्चहरूमा सक्रिय हुनुभएको देखाउँछ। परमेश्वरका जनहरूलाई खटाइएको अनुसार तिनीहरूको काम पूरा गर्न र तिनीहरूलाई सामर्थी बनाउन पवित्र आत्माको सर्वव्यापकता र उहाँको निरन्तरको सक्रियता इतिहासभरि जारी भएको त्यस चित्रणले बताउँछ।

येशू ख्रीष्टलाई तिनवटा नाउँहरूले चिनाइ दिइएका छन्: " (१) विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, (२) मृतकबाट प्रथम जीवित हुनुभएको, तथा (३) पृथ्वीका राजाहरूका शासकको तर्फबाट।" (प्रकाश १:५)। क्रुसमा येशूको मृत्यु, उहाँको पुनरुत्थान र स्वर्गमा उहाँको शासनलाई त्यस वाक्यले सम्बोधन गर्दछ। येशूले के गर्नुभयो भनेर यूहन्नाले व्यक्त गर्दछन्: "उहाँले हामीलाई प्रेम गर्नुभयो र हामीहरूको पापलाई उहाँले आफ्नै रगतबाट धुनुभयो र उहाँले उहाँका परमेश्वर र पिताको सामु हामीलाई राजाहरू र पुजारीहरू बनाउनुभयो" (प्रकाश १:५,६ रूपान्तरित)।

"उहाँले हामीलाई प्रेम गर्नुभयो" भन्ने शब्द ग्रीक भाषामा केवल विगतमा मात्र नभएर निरन्तररूपमा भनेर अर्थ लगाइएको छ। त्यसको अर्थ उहाँको प्रेम हामीलाई विगतमा, वर्तमानमा र भविष्यमा अटल भइरहेको छ भनेर जनाउँछ। जुन येशूले हामीलाई प्रेम गर्नुहुन्छ त्यही येशूले हामीहरूलाई

उहाँको आफ्नै रगतबाट पापबाट स्वतन्त्र बनाउनुभएको छ। ग्रीक भाषामा "स्वतन्त्र अर्थात् फुक्का गर्नुभयो"को अर्थ विगतमा उहाँले गर्नुभएको काम पूर्ण भएको थियो भन्ने हुन्छ। जब येशू क्रुसमा मर्नुभयो तब उहाँले हामीहरूको पापको निम्ति सिद्ध र पूर्णरूपमा हर्जाना तिर्नुभएको थियो अर्थात् हाम्रो पापको निम्ति उहाँ प्रायश्चित हुनुभएको थियो।

**प्रभु येशू ख्रीष्टलाई विश्वास गरेर पापको दमनबाट छुट्कारा पाएकाहरू यस संसारको सांसारिक नियन्त्रणबाट उठाइएको र तिनीहरूलाई उहाँ रहनुभएको स्वर्गको स्थानहरूमा बस्न दिएको छ भनेर देहायका पदहरूले बताउँछन्। हेर्नुहोस् एफिसी २:६ "उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो।" र " हाम्रो नागरिकता स्वर्गमा छ। त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं" (फिलिप्पी ३:२०)। त्यसको अर्थ के हो र पापको संक्रमण र श्रापित भएको संसारमा राजाहरू र पुजारीहरूको (प्रकाश १:६) महिमित ओहदाको अनुभव येशू ख्रीष्टमा रहेर वर्तमान समयमा नै हामी कसरी उपभोग गर्न सक्छौं? उक्त तथ्यले हामीहरूको जीवनमा कस्तो प्रभाव पार्नुपर्छ वा हामीहरूको रहनसहन आदिमा कसरी प्रभाव पार्नु आवश्यक छ?**

## ५. प्रकाशको पुस्तकको मूल विषयबस्तु

**प्रकाशको पुस्तकको परिचयको अन्तिम खण्डमा सारा पुस्तकको मुल विषयबस्तु केन्द्रित गरिएको छः महान् शक्ति र महिमाकोसाथ येशू ख्रीष्टको दोस्रो आगमन। आफ्नो दोस्रो आगमनको बाचा येशूले प्रकाशको पुस्तकको अन्तमा फेरि तिन पल्ट दोहोऱ्याउनुभएको छ ("हेर, म चाँडै आउँदैछु। यस पुस्तकको अगमवाणीका वचन पालन गर्ने धन्यको हो।" प्रकाश २२:७, "हेर, म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ।" प्रकाश २२:१२ र "यी कुराको गवाही दिनेले भन्नुहुन्छ, "निश्चय, म चाँडै आउँदैछु।" आमेन, आउनुहोस्, हे प्रभु येशू।" प्रकाश २२:२०)।**

प्रकाश १:७,८मा लेखिएका शब्दहरू पहिले नै लेखिएका केही भविष्यवाणीका अंशहरूबाट निकालिएका हुन्। "७ हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन। ८ "अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर

भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ।" (प्रकाश १:७-८)। येशूको आगमनको बारे पहिला नै भविष्यवाणी गरेका केही पदहरूः दानिएल ७:१३,१४ "१३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।", जकरिया १२:१० ""अनि म दाऊदको घराना र यरूशलेमका बासिन्दाहरूमाथि अनुग्रह र नम्र-निवेदन गर्ने आत्मा खन्याउनेछु। तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्, र जसरी एकमात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्।" र मत्ती २४:३० "तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।" येशूको दोस्रो आगमनको सुनिश्चितता उपरोक्त सबै पदहरूले हामीहरूलाई कसरी बताउँदछन्?

जुन रूपमा विश्वको इतिहासको गति गइरहेको छ त्यसले येशूको दोस्रो आगमनलाई औंल्याउँदछ। विश्वको इतिहास नै येशूको दोस्रो आगमनपछि निष्कर्षमा पुग्नेछ, यस पृथ्वीमा परमेश्वरको अनन्तको राज्यको त्यसबेला सुरुवात हुनेछ र समस्त मानव प्राणीमा भइरहेको पापले गर्दा ल्याइएका आतङ्क, भय, दुष्टता, पीडा, चिन्ता, फिक्री, बेदना, व्यथा, मृत्यु आदिको अन्त्य हुनेछ भनेर प्रकाशको पुस्तकले ठोकुवा गर्दछ।

नयाँ करारको अन्तमा लेखिएको जस्तै येशूको दोस्रो आगमन कुनै काल्पनिक, आदर्शका कुरा, मनलाई सान्त्वना दिन मात्रै दिइएका सान्त्वनाका वचन नभएर वास्तविक र यस उहाँको आगमनमा यस पृथ्वीमा जिइरहेका सबैले आआफ्नै आँखाले व्यक्तिगत रूपमा नै राजकीय, महिमा र यशस्वीका साथ आउनुभएको देखिनेछ भनेर प्रकाश १:७ले जिकिर गर्दछ। त्यतिमात्र नभएर उहाँलाई घोच्नेहरूको पनि विशेष पुनरुत्थान हुनेछ र उहाँलाई घोचेर क्रुसमा टाँगेर मारेको प्रभुलाई प्रत्यक्ष्यरूपमा उहाँको आगमनमा उहाँलाई

आआफ्नो नाङ्गो आँखाले देख्नेछन्। जब येशू आउनुहुन्छ उहाँलाई पर्खिनेहरूलाई उहाँले उद्धार गर्नुहुनेछ र उहाँमा मरेकाहरूको पुनरुत्थान हुनेछ तब त्यो समय न्यायको समय पनि हुनेछ अर्थात् उहाँको अनुग्रह, दया र प्रेमलाई तिरस्कार गरेर पापको दलदलमा रमाउन चाहनेहरूले आआफ्नै कारणले अनन्त जीवनको स्वाद पाउनेछैनन्।

येशूको दोस्रो आगमनको पक्का वचनलाई यी शब्दहरूले पुष्टि गर्दछन् "यसै होस्, आमेन" (प्रकाश १:७)। "यस्तै होस्" भन्ने शब्द ग्रीक भाषाको नेऐ आमनिस nai amenis हो जसको अर्थ हिब्रू भाषामा स्वीकार गरिएको भन्ने बुझाउँछ। दुवै ग्रीक र हिब्रू भाषाले प्रयोग गरेका शब्दहरूले जे हुन्छ सो पक्कापक्की हुनेछ भनेर बताउँदछ। त्यही पक्कापक्की गरेर नै प्रकाशको पुस्तक पनि यसरी अन्त्य गरिएको छ "यी कुराको गवाही दिनेले भन्नुहुन्छ, “निश्चय, म चाँड़ै आउँदैछु।” आमेन, आउनुहोस्, हे प्रभु येशू।" प्रकाश २२:२०।

"येशूले आफू आउनुहुनेछ भनेर गर्नुभएको प्रतिज्ञा अठारसय वर्षभन्दा बढी भइसक्यो। येशूलाई विश्वास गर्नेहरूका हृदयहरूमा शताब्दियौंदेखि ती वचनहरूले साहस भरिदिएका छन्। त्यो प्रतिज्ञा पूरा भएको छैनः येशूमा सुतेका सन्तहरू चिहानबाट अझै बोलाइएका छैनन् यद्यपि उहाँले बोलेका वचनहरू पक्का छन्। परमेश्वरले आफ्नै समयमा त्यो वचन पूरा गर्नुहुनेछ। उहाँको वचन अहिले पूरा नभएकोले के कोही थाक्नु उचित छ त? अनन्त संसारको नजिक पुगिरहेको समयमा के हामीले पकडि राखेको आस्था तथा विश्वासलाई छोड्ने त? यरुशलेम सहर धेरै टाढा छ भनेर निराश भएर ढल्ने त?-अहँ, हुँदैन, हुँदैन। अलिकति पर्खौं र हामीले हामीहरूका राजा येशूलाई उहाँको यशस्वी र सौन्दर्यतामा देख्नेछौं। केही समय पर्खौं र हामीहरूका आँखाबाट सबै आँसुहरू पुछिदिनुहुनेछ। अलि समयपछि उहाँले हामीहरू सबैलाई अति हर्षित भएर आफ्नो महिमामा निर्दोष ठहऱ्याइएर परमेश्वरको सामु प्रस्तुत गर्नुहुनेछ।"-एलेन जी ह्वाइट, द आडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड, नभेम्बर १३, १९१३बाट रूपान्तरित।

**कुनै पनि प्रतिज्ञाको वचन त्यसबेला बलियो हुन्छ जब दिने मानिसको जीवनमा नैतिक शुद्धता, इमान्दारी र सत्यनिष्ठाले भरिएको हुन्छ र त्यो वचन पूरा गर्ने क्षमता उसमा छ भन्ने सामर्थ हुन्छ। विगतमा पूरा गर्नुभएका**

**प्रतिज्ञाहरूको आधारमा येशूको दोस्रो आगमन पनि परमेश्वरले पूरा गर्नुहुनेछ भनेर तपाईं कतिको विश्वस्त हुनुहुन्छ**?

**उपसंहारः**

थप सामग्रीको निम्ति एलेन जी ह्वाइटद्वारा लिखित टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्सको पृ. ११२-११९मा उल्लेखित अध्याय "द स्टडी अभ द बुक्स अभ दानिएल एण्ड रिभलेशन" पढ्नुहोस्।

"विश्वको इतिहासभरि रहेका र छरिएका येशूभक्तहरूको निम्ति सान्त्वना र साहस दिन र अगुवाई गर्न प्रकाशको पुस्तक लेखिएर दिइएको हो।...प्रकाशले कुनै कुरा प्रकट गरिएको भन्ने बुझाउँछ। त्यस पुस्तकमा उल्लेख गरिएका रहस्यहरू प्रभु आफैले आफ्ना सेवकलाई प्रकट गर्नुभएको थियो। सबै येशूभक्तहरूले त्यो पुस्तक खोलेर अध्ययन गरुन् भन्ने परमेश्वरको चाहना हो। त्यसै अनुसार त्यस पुस्तकको खाका तयार पारिएको छ। यसमा लेखिएका सामग्रीहरू पृथ्वीको इतिहासको अन्तमा रहनेहरूको निम्ति र यूहन्नाको समयमा रहेकाहरूलाई सम्बोधन गरेर लेखिएका हुन्। त्यस पुस्तकमा उल्लेख भएका कतिपय बृतान्त अर्थात् दृश्यहरू विगतमा बितेका थिए भने कुनै अहिले नै भइरहेको पाइन्छ, कुनै बृतान्तहरूले अन्धकारको शक्ति र स्वर्गको राजकुमारको शक्तियहरूको बीचमा भइरहेको महान् युद्धको अन्त्यलाई देखाउँछ भने कुनै बिवरणले नयाँ पृथ्वीमा मुक्ति पाएकाहरू विजयी उल्लासका साथ हर्षले पस्नेछन् भनेर प्रकट गर्दछ।

"प्रकाशको पुस्तकमा उल्लेख गरिएका प्रत्येक प्रतीक र साङ्केतिक शब्द ब्याख्या गर्न सकिंदैन भनेर कसैले नसोचोस र त्यसमा भएका सत्यहरूको अर्थ खोजेर अध्ययन गर्नु वेकारको छ भनेर कसैले नठानुन्। जसले यूहन्नालाई रहस्यहरू प्रकट गर्नुभयो त्यसरी नै इमान्दारिताकासाथ उक्त पुस्तक पढेर खोजनीति गर्नेहरूलाई परमेश्वरले स्वर्गको स्वाद चखाइदिनुहुनेछ। सत्यलाई ग्रहण गर्न जसको हृदय खोलिरहेको हुन्छ त्यसलाई यसमा लेखिएका शिक्षाहरूलाई बुझ्न सामर्थी बनाइनेछ। जसले यस पुस्तकमा लेखिएका भविष्यवाणीका वचनहरू सुन्दछन् र त्यसै अनुसार चल्दछन् उसलाई आशिषको प्रतिज्ञा दिइएकोछ।" -एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ५८३-५८५बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ) यदि प्रकाशको पुस्तकले येशूको बारेमा स्पष्ट रुपमा प्रकट गर्दछ भने महाप्रलय वा महासंहारको घट्ना अर्थात् आपोकेलिप्स **apocalypse** शब्द वर्तमान संसारमा किन नकारात्मक भइरहेको छ? यसैले नै कतिपय इसाई भनाउँदाहरूको बीचमा प्रकाशको पुस्तकको बारेमा गलत तथा लोकप्रिय धारणा प्रचलित भएको कसरी देखाउँछ? प्रकाशको पुस्तकमा लेखिएका भविष्यवाणीहरूसँग किन डर तथा भय भन्ने शब्द जोडिएको पाइन्छ?

आ) कतिपय मानिसहरूले चाहे इसाई भनाउँदाहरू नै किन नहुन् युगको अन्तको बारेमा र येशूको दोस्रो आगमनको बारेमा अनेकौं अडकलबाजी वा भविष्यवाणीहरू गरिएका थिए र गरिरहेका छन्। विगत २० वर्षको अवधिमा ती भविष्यवाणीहरू असफल भएका केही उदाहरणलाई सोच्नुहोस्। जुनसुकै नियतले मानिसहरूले ती भविष्यवाणीहरू गरेतापनि (कसैको नियत थाहा पाउन हामी सक्षम् छैनौं) ती भविष्यवाणी पूरा नहुँदा त्यसले कस्ता नकारात्मक परिणाम पाइरहेको छ? ती भविष्यवाणीहरूको पछि लाग्नेहरूको हृदय कस्तो होला? इसाई भनाउँदाहरूले येशूको आगमन र संसारको अन्त्यको बारेमा अनेकौं भविष्यवाणी गरेर सफल नहुँदा येशूलाई विश्वास नगर्नेहरूले येशू र इसाईप्रति कस्तो सोच राखे होलान्? हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले बाइबलमा लेखिएका भविष्यवाणीहरूलाई विश्वास गर्दछौं र तिनीहरूमा भएका घट्नाहरूले युगको अन्त्यलाई स्मारकको रूपमा देख्दछौं, तैपनि जब हामी अरूलाई सिकाउँछौं तब हामीले भविष्यवाणी कसरी बुझेकाछौं भनेर ठिक संतुलनमा राखेर कसरी बुझाउने?

कथा १

## हेलिकोप्टरद्वारा उद्धार केनोप केनोप, ५०, बोत्स्वाना

केनप बोत्स्वाना एडभेन्टिस्ट चर्चको अगुवा हुन्। एक दिन उनी अफ्रिकाको दुई वटा ठूला सहरहरूको बीचमा आफ्नो मर्सेडिज कार रफ्तारमा हाँक्दै थिए। त्यसबेला उनको कारमाथि हेलिकोप्टरको आवाज घन्कियो। हेलिकोप्टर उनको कारको नजिकै माथिबाट उड्न थाल्यो। सायद कुनै अपराधीको पछि त्यो हेलिकोप्टर लागेको होला भनेर केनोपले सोचे। उनी गइरहेको राजमार्गमा केही मिनेट अघि एक जना मानिस हिंड्दै गरेकोले त्यो हेलिकोप्टर उसको पछि लागेको होला भनेर उनले ठानेका थिए। अनि त्यो हेलिकोप्टर त उनको कारको अगाडि बिस्तारै आएर पो ओर्ल्यो। केनोपको सातोपुत्लो गयो। उनले आफ्नो कार रोके। हेलिकोप्टरको पंखाको आवाजले उनको कान खाइरहेको थियो। एक छिनपछि हेलिकोप्टरको आवाज रोकियो। केनोप आफ्नो कारबाट बाहिर निस्के। यदि कुनै पुलिसको वाहन कुनै कारको अगाडि रोकिएमा भने त्यो कारको चालक पुलिसकहाँ जानुपर्ने बोत्स्वानाको कानून छ। चर्चको कार्यक्रममा भाग लिएर आएका केनोप औपचारिक पोशाकमा थिए। उनले पुलिसको कहिल्यै पनि सामना गर्नुपरेको थिएन। उनलाई थाहा भएन उनी त्यस हेलिकोप्टरको अगाडि जाने हो वा नजाने।

एक छिनपछि दुई जना पुलिसका हाकिमहरू हेलिकोप्टरबाट ओर्ल्हे र केनोपलाई चौरको घाँसमा बोलाए। "हजुर, तपाईंलाई हामी रोकिरहेकाछौं" एकजना अफिसरले भन्यो। केनोपले के बोल्ने उनलाई थाहा भएन। उनको मुख सुकेको थियो। तर हतपत उनले "केको लागि" भनेर दुई शब्द निकाले।

"तपाईंले आफ्नो गतीको सिमिततालाई नाघेर मोटर चलाइरहनुभएको छ। त्यसैकारणले तपाईंलाई हामीले रोकेका हौं" उक्त अफिसरले भन्यो। अफिसरले सत्य भनिरहेको थियो। केनोप उत्तरी बोत्स्वानाको फ्रान्सिसटाउनबाट त्यस देशको राजधानी ग्याब्रोनमा जाँदै थिए। त्यो राजधानी २७० माइल अर्थात् ४३५को दुरीमा छ। उनी त्यस दिनको अपरान्ह ग्राब्रोनमा पुग्नुपरेको थियो। उत्तरी बोत्स्वानामा खोल्न लागिरहेको एडभेन्टिस्ट चर्चको प्रथम एडभेन्टिस्ट प्राथमिक स्कूलको बारेमा छलफल गर्न बसेको बैठकमा भाग लिएर उनी फ्रान्सिसटाउनबाट फर्कन्दै थिए। उनी आफ्नो घरमा छिटै फर्कन चाहेका थिए। उनी निर्धारित गतिभन्दा बढि तिस किलोमिटरको रफ्तारमा आफ्नो गाडी हाँक्दै थिए। केनोपले पुलिसलाई आफ्नो चालकको लाइसेन्स देखाए। उनी लाजले भुतुक्कै भइरहेका थिए। राजमार्गमा रहेका

दायाँबायाँ रहेका दुवै सडकहरूमा मोटरहरू रोकिएका थिए। पुलिसको हेलिकोप्टर देखेर ती मोटरका चालकहरू उत्सुक भएर हेरिरहेका थिए। दोस्रो अफिसरको अनुहार उनलाई चिने जस्तो देखिएको थियो। केनोप राष्ट्रिय टेलिभिजनमा बारम्बार देखिने भएकोले होला वा पुलिस स्कूलमा उनले लोकप्रिय सेमिनार चलाएकोले उक्त अफिसरले आफूलाई चिनेको होला भनेर उनले सोचे। पहिलो अफिसरले केनोपलाई सोधे, "तपाईं कहाँ जाँदै हुनुहुन्छ?" "ग्याब्रोनमा" केनोपले जवाफ दिए। "होसियार हुनुहोस्" चालकको लाइसेन्स फिर्ता गर्दै उक्त अफिसरले भन्यो "तपाईं जान सक्नुहुन्छ।" केनोपले अचम्म माने र यसरी लाइसेन्स तुरन्तै फिर्ता दिएकोमा उनलाई के भयो सो विश्वासै लागिरहेको थिएन। अफिसरले केनोपको कार वरिपरि हेऱ्यो। त्यो कार हेलिकोप्टरबाट उडाएको धुलो र घाँसले छोपेको थियो। "तपाईंको कारलाई फोहर बनाएकोमा हामीलाई माफ दिनुहोस्" उनले भने। लाजले र राहतले केनोपको अनुहार देखिएको थियो। उनी केही दण्ड नपाइ फुत्किन सकेका थिए। कस्तो मिठो माफीः "त्यसबेलमा मैले माफी दिनु  भनेको कतिको महत्त्व रहेछ भनेर अनुभव गरें" केनोपले भने, "माफी दिने सानोतिनो वा झिनो देखिएतापनि जीवनमा अरूलाई क्षमा वा माफ दिनु अत्यन्त महत्त्व छ। यो पाठ मैले पुलिसबाट सिँके र अरूहरूलाई पनि माफ दिन परमेश्वरले मलाई सहयोग गरुन् भनेर म प्रार्थना गर्दैछु।" बोत्स्वानामा निर्धारित गति नाघेर कार चलाउँदा पुलिसको हेलिकोप्टरले रोक्ने चलन त्यति धेरै छैन। तर हेलिकोप्टर नै रोकेर पुलिसले माफी माग्नुत झन बिरलै हो भनेर केनोपले भने।"त्यत्रो हेलिकोप्टरले मलाई रोकेर मलाई हेरेर माफ माग्दै फर्कनु भनेको तिनीहरूको समय र बल खेर फाल्नु थियो। यो मैले बुझ्नै नसकेको घट्ना हो। जसरी मलाई रोक्दा मलाई छक्क लागेको थियो त्यसरी नै मसँग माफ माग्दा त मलाई झन अचम्म मानेको थिएँ।" बोट्स्वाना युनियन कन्फरेन्सको अध्यक्ष केनोपले खुशी हुँदै व्यक्त गरे।सन् २०१७मा वर्ष ५०को केनोपले यो घट्ना बोट्स्वानामा रहेको नयाँ इस्टर्न गेट प्राइमरी स्कूलमा निरीक्षण गर्न गइरहेको बेलामा यस कथाको लेखकलाई भनेका थिए। त्यो स्कूल सन २०१५को तेऱ्हौं साबथस्कूलको भेटीको सहयोगले निर्माण भएको थियो। यो घट्ना भनिरहेको बेलामा पुलिसको हेलिकोप्टर माथि आकाशमा उडिरहेको थियो।

"जब जब म माथि आकाशमा हेलिकोप्टर उडिरहेको देख्छु मलाई असजिलो लाग्छ र म कुन रफ्तारले गाडि चलाइरहेको छु त्यसप्रति म चनाखो हुन्छु। अनि म क्षमाको मिठासपनालाई सम्झन्छु र मेरो कार हाँक्ने जिम्मेवारी पनि। त्यो घट्ना फेरि दोहोरिएको म चाहन्न।" केनोपले आफ्नो भित्री भावना व्यक्त गरे।